# National News

## August 07, 2024

<u>प्रमुख समाचार:</u>

1. राष्ट्रपति न्यूजिल्याण्डको दुईदिने भ्रमणमा आज पुग्नुभयो अकल्याण्ड

2. उपराष्ट्रपतिद्वारा अन्तरराष्ट्रिय हतकर्घा दिवसलाई सम्बोधन

3. विपक्षी दलका नेता श्री राहुल गान्धीद्वारा वायनाड पहिरोलाई राष्ट्रिय प्रकोप घोषणा गर्न सरकारलाई आग्रह

4. निर्वाचन आयोगले रिक्त 12 राज्यसभा सिटका लागि जारी गऱ्यो अधिसूचना

5. पहलवान विनेश फोगाट केही तौल बढी भएका कारण 50 केजी फ्रिस्टाइल कुस्तीमा अयोग्य घोषित

### Pez-Newzeland Tips

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु फिजीको भ्रमणपछि, आज न्यूजिल्याण्डका गभर्नर जनरल डेम सिन्डी किरोको निमन्त्रणामा दुईदिने भ्रमणका लागि आज अपराह्न अकल्याण्ड पुग्नुभयो। उहाँलाई त्यहाँका कृषि तथा विदेश मामिला मन्त्री श्री टोड म्याक र न्यूजिल्याण्डका लागि भारतीय उच्चायुक्त श्रीमती नीता भुषणले विमानस्थलमा स्वागत गर्नुभयो। भ्रमण अवधि राष्ट्रपति मुर्मुले गभर्नर जनरल किरोसँग द्विपक्षीय बैठक गर्नुका साथै प्रधानमन्त्री श्री क्रिस्टोफर लक्सनसँग भेट गर्नुहुनेछ। उहाँले शिक्षा सम्मेलनलाई पनि सम्बोधन गर्नुहुनेछ, साथै भारतीय समुदायसँग अन्तरक्रिया गर्नुहुनेछ। उहाँको भ्रमणले भारत र न्यूजिल्याण्डबीचको द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउनेछ।

### VP-Handloom Day

उपराष्ट्रपति श्री जगदीप धनखरले आज नयाँ दिल्लीमा १० औँ अन्तर्राष्ट्रिय हतकर्घा दिवसका अवसरमा, भारत अहिले विश्वको पाँचौँ ठूलो अर्थतन्त्र भएको अनि दुई वर्षभित्र विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने बताउनुभयो। साथै, उहाँले राष्ट्र प्रगतिशील दिशामा अघि बढिरहेको र यो प्रगति कहिल्यै अवरुद्ध नहुने ठोकुवा गर्नुभयो। आर्थिक राष्ट्रवादका सम्बन्धमा, श्री धनखरले देशको आर्थिक विकासका लागि यो आवश्यक रहेको अनि आर्थिक राष्ट्रवादले विदेशी मुद्रा बचत गर्न र देशमा रोजगारी र उद्यमशीलताका अवसर सिर्जना गर्न सहयोग पुग्ने बताउनुभयो।

## LS-Rahul Gandhi

लोकसभामा आज विपक्षी दलका नेता श्री राहुल गान्धीले केन्द्र सरकारलाई वायनाड पहिरोलाई राष्ट्रिय प्रकोप घोषणा गर्न आग्रह गर्नुभयो। उहाँले लोकसभामा शून्य घण्टाको अवधिमा वायनाड पहिरोको मुद्दा उठाउँदै, प्राकृतिक प्रकोपका पीडितहरूका लागि विद्यमान अनुग्रह राशि बढाउन र वायनाडका लागि व्यापक पुनर्वास कार्यक्रम घोषणा गर्न अनुरोध गर्नुभयो, जसमा विपत्ति रोकथाम पूर्वाधार निर्माण र प्रभावित समुदायहरूलाई मद्दत गर्नु समावेश छ। श्री गान्धीले केन्द्र र राज्य सरकारहरू, राष्ट्रिय प्रकोप रोकथाम बल, राज्य प्रकोप रोकथाम बल, सेना, नौसेना, तटरक्षक, अग्निशमन विभागद्वारा प्रकोप प्रभावित राज्यहरूमा प्रभावित मानिसहरूप्रति गरिएको कार्यको पनि प्रशंसा गर्नुभयो।

## RS-Election Commission Notification

निर्वाचन आयोगले 9 राज्यको रिक्त 12 राज्यसभा सीटहरूका लागि अधिसूचना जारी गरेको छ। निर्वाचनको अधिसूचना अगस्ट १४ तारिख जारी हुनेछ। उम्मेदवारहरूले यही महिनाको २१ तारिखसम्म उम्मेदवारी दर्ता गर्न सक्नेछन्। नामांकन पत्रको जाँच अगस्ट २२ तारिख हुनेछ भने नाम फिर्ता लिने अन्तिम मिति अगस्ट २६ र २७ तारिख तोकिएको छ। चुनाव सेप्टेम्बर ३ मा हुनेछ।

## Finance Minister-Finance Bill

वित्तमन्त्री श्रीमती निर्मला सीतारामनले सरकारको शैली कर कानुन र कार्यविधिलाई थप सरलीकरण गरी देशमा वृद्धि र रोजगारी सिर्जना गर्नु हो भनी आज जोड दिनुभयो। उहाँले लोकसभामा वित्त विधेयक, 2024 मा छलफलको जवाफ दिँदै, सरकारले विगत एक दशकमा कर प्रशासनमा उल्लेखनीय परिवर्तन ल्याएको अनि कर अत्याधिक नबढाई र मुद्दालाई कम नगरी पारदर्शिता र सहजताका साथ सरल कर प्रणाली ल्याएको बताउनुभयो। वित्तमन्त्रीले मध्यमवर्गमाथि करको बोझ परेको दाबीलाई खण्डन गर्दै, सन् २०२३ मा व्यक्तिगत आयकरको स्ल्याबलाई उल्लेख्य रूपमा उदारीकरण गरिएको बताउनुभयो। उहाँले सबै करदाताले ३७ हजार ५०० रूपियाँको कर दायित्व घटाउन सकेको बताउनुभयो। साथै, उहाँले सरकारले यो बजेट अन्तर्गत नयाँ व्यवस्थामा पुनः कर स्ल्याब परिमार्जन गरेको र यसले मध्यमवर्गलाई राहात पुगेको बताउनुभयो।

## Pyiush Goyal-BIMSTEK

वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयलले बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास, बिमस्टेक राष्ट्रहरूलाई स्वतन्त्र व्यापार सम्झौताबारे चाँडो वार्ता गर्न आग्रह गर्नुभएको छ। उहाँले नयाँ दिल्लीमा बिमस्टेक व्यापार शिखर सम्मेलनलाई सम्बोधन गर्दै, प्रत्येक सदस्य आर्थिक रूपले बलियो भए पनि, बिमस्टेक देशहरूबीच व्यापारको मात्रा निकै कम रहेको र प्रस्तावित स्वतन्त्र व्यापार सम्झौताका सम्बन्धमा सदस्य राष्ट्र र उद्योगीहरूले प्राथमिकताको पुनर्मूल्याङ्कन गर्नुपर्ने बताउनुभयो। श्री गोयलले हरेक देशमा बिमस्टेक डेस्क बनाउन आग्रह गर्दै, आपूर्ति श्रृङ्खला, ई-कमर्स, डिजिटल सार्वजनिक पूर्वाधार र खाद्य सुरक्षामा साझेदारी गर्नेतिर ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिनुभयो। सञ्चारमाध्यमसँग कुरा गर्दै, उहाँले यस शिखर सम्मेलनमा सबै सरकारहरू मिलेर अगाडि बढ्न राम्रो बाटो खोज्नुपर्नेमा आशा व्यक्त गर्नुभयो।

## Finance Bill-Rediscussion

वित्त विधेयक, २०२४ बारे आज लोकसभामा फेरि छलफल सुरु भएको छ। छलफलमा भाग लिँदै भाजपाका जगदम्बिका पालले भारतलाई विकसित राष्ट्र बनाउने यस वर्षको बजेटमा तोकिएका लक्ष्यहरू पूरा गर्न वित्त विधेयकले सहयोग पुग्ने बताउनुभयो। कांग्रेसका मुहम्मद हमदुल्लाह सईदले सरकारले कर्पोरेटहरूलाई बढी छुट दिएको र व्यक्तिहरूका तुलनामा कर्पोरेटहरूको कर दायित्व कम भएको आरोप लगाउनुभयो। उहाँले सरकारलाई सूचकाङ्कसित सम्बन्धित निर्णयलाई पुनर्विचार गर्न आग्रह गर्नुभयो।

## RS-Private University

विश्वविद्यालय अनुदान आयोगले विगत पाँच वर्षमा १४९ वटा निजी विश्वविद्यालयलाई अनुमति दिएको छ। राज्यसभामा लिखित जवाफमा, शिक्षा राज्यमन्त्री डा. सुकान्त मजुमदारले आयोगलाई स्वायत्त दर्जा दिनका लागि देशभरिका विभिन्न कलेजहरूबाट ८०६ वटा प्रस्ताव र आवेदन प्राप्त भएको जानकारी दिनुभयो। तीमध्ये ६१३ प्रस्तावलाई आयोगले स्वीकृत गरेको उहाँले बताउनुभयो।

## Lybia-Travel Band

विदेश मन्त्रालयले भारतीय नागरिकलाई अत्यावश्यक परेको बाहेक लिबियाको यात्रा नगर्न आग्रह गरेको छ। यसअघि मे २३, २०१६ मा मन्त्रालयले भारतीय नागरिकलाई लिबिया यात्रामा प्रतिबन्ध लगाएको थियो। लिबियाको वर्तमान अवस्थालाई ध्यानमा राखेर सरकारले यो निर्णय गरेको हो। विदेश मन्त्रालयले लिबियामा बसोबास गर्ने भारतीय नागरिकहरूलाई सावधानी अपनाउन, सडकबाट अन्य प्रान्तहरूमा यात्रा नगर्न र त्रिपोलीस्थित भारतीय दूतावासको सम्पर्कमा रहन सल्लाह दिएको छ।

## Olympic-Phogat Disqualified

पेरिस अलम्पिकमा पहलवान विनेश फोगाट फाइनलमा पुगेपछि केही ग्राम तौल बढी भएका कारण ५० केजी फ्रिस्टाइल कुस्तीमा अयोग्य ठहरिइन्। टोलीले रातभरि पुरै प्रयास गरे पनि, आज बिहान उनको तौल ५० केजीभन्दा केही ग्राम बढी रहेको थियो। खेलाडी विनेश फोगाटलाई अयोग्य घोषित गरेकामा भारतीय अलम्पिक संघले विश्व कुस्ती महासंघमा विरोध दर्जा गरेको केन्द्रीय खेलकुद मन्त्री डा. मनसुख मण्डवियाले आज लोकसभामा जानकारी दिनुभयो। यस विषयमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भारतीय अलम्पिक संघका अध्यक्ष पीटी उषासँग कुरा गरिसकेकाले, विनेशलाई केन्द्रले सबै प्रकारको सहयोग गरिरहेको डा. मण्डवियाले आज संसदमा बताउनुभयो। यस सम्बन्धमा भारतीय अलम्पिक संघलाई सबै सम्भावनाको खोजी गर्न भनिएको छ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले सुश्री फोगाटलाई ओलम्पिकमा अयोग्य घोषित गर्नु दुःखद घटना भएको बताउनुभयो र अहिलेसम्मको उनको उत्कृष्ट प्रदर्शनले देश र देशवासीलाई गौरवान्वित तुल्याएको बताउनुभयो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सुश्री विनेश फोगाटलाई सान्त्वना दिनुभयो। उहाँले यो आघात दुःखद भएको र आफ्नो निराशा व्यक्त गर्न आफूसँग शब्द नभएको बताउँदै, पहलवान फोगाट च्याम्पियनहरूमध्ये च्याम्पियन हुन् अनि भारतको गौरव र प्रत्येक भारतीयका लागि प्रेरणाका स्रोत हुन् भन्नुभयो।

## Hocky-Olympic

पेरिस अलम्पिकमा भारतीय पुरुष हक्की टोली सेमिफाइनल खेलमा जर्मनीसँग तीन-दुई गोलले पराजित भएको छ। भारतीय टोलीले अब कास्य पदकका लागि स्पेनसँग खेल्नेछ।

## Cricket

भारत र श्रीलंकाबीचको तीन खेलको एकदिवसीय श्रृङ्खलाको तेस्रो तथा अन्तिम खेल भोलि हुँदै छ। कोलम्बोको आर प्रेमदासा स्टेडियममा भएको पहिलो खेल बराबरीमा सकिएको थियो भने श्रीलंकाले दोस्रो खेल जितेर भारतको श्रृङ्खला जित्ने सम्भावना समाप्त गरेको थियो। श्रृङ्खलामा हारबाट बच्न भारतीय टोलीले यो खेल जित्नुपर्नेछ।